## निर्णय नं. ५

घर नक्साको सम्पन्न दिदा बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्गदर्शन २०७२ बमोजिम एक घर दुई बिरुवा र घर अगाडी पक्की नाला निर्माण गरेको घरधनी लाई मात्र सम्पन्न दिने व्यवस्था मिलाउने निर्णय गरियो।

## निर्णय नं. ६

दुहबी-भलुवा नगरपालिका कार्यालयमा कार्यरत सेवा करार अन्तर्गतका कर्मचारी सब इन्जिनियर तथा सवारी चालक(हलुका, जीप) को कार्यबोझ तथा कार्यसम्पादनको आधारमा २०७२ माघ देखि लागुहुने गरी नेपाल सरकारको नियमानुसार तलब दिने निर्णय गरियो।

## निर्णय नं. ७

दुहबी-भलुवा नगरपालिका कार्यालय अन्तर्गत कार्यरत सरसफाईका कर्मचारीहरुलाई २०७२ माघ देखि लागुहुने गरी रु.७०००।० मासिक पारिश्रमिक दिने निर्णय गरियो।

## निर्णय नं. ८

दुहबी-भलुवा नगरपालिका कार्यालयलाई संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएको कार्यालय भवनको निर्माण गर्दा खनेको माटोलाई सरस्वति उच्च माविमा ओसार्ने लाग्ने खर्च लागत अनुमानमा नराखिएकोले उक्त माटो ओसार्न लागेको खर्च यस कार्यालयको भवन निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

## निर्णय नं. ९

दुहबी-भलुवा नगरपालिका कार्यालयको सुचनाहरु सरल तथा सहज तरिकाले नगरवासि माझ पुरयाउन चालु आ.ब.मै विधुतिय सुचना पाटी कार्यालयमा जडान गर्ने र कर्मचारीहरुको हाजिरि समेत चालु आ.ब.बाट नै विधुतिय हाजिरि जडान गरी संचालन गर्ने निर्णय गरियो।

## निर्णय नं. १०

पदपुर्ति समितिको अध्यक्षलाई मासिक तलब रु.२५००।० (अक्षरेपी रु.दुई हजार पाच सय मात्र) दिने निर्णय गरियो।

## निर्णय नं. ११

दुहबी-भलुवा नगरपालिकामा वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० अनुसार तोकिएको सुचकहरु पुरा गर्न पहल गर्ने निर्णय गरियो।

## निर्णय नं. १२

भवन निर्माण मापदण्ड २०७२ लाई अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

## निर्णय नं. १३

नक्सा पास नगरी बनेका घर २०७३ असार मसान्त सम्म कायम गर्न आउने लाई कुनै जरिवाना नलगाई नियमित गर्ने निर्णय गरियो।